साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड –०४ संख्या –०२ मिति : २०७७/११/१५

## भाग –०२

**<u>साँफेबगर नगरपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) नियमावली –२०७७</u>**

आज्ञाले,
लक्ष्मी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) नियमावली -२०७७

**कार्यपालिकाबाट स्वीकृत मिति -२०७७/११/१५**

**प्रस्तावना :**

साँफेबगर नगरपालिकाको भूस्वामित्व भएको क्षेत्र भित्र कानुनको शासन स्थापित गर्दै आम नगरवासी जन–समुदायलाई न्याय तथा सुरक्षा व्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न,नगर क्षेत्र भित्रका प्राकृतिक तथा सास्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुन सुकै बखत आउन सक्ने विपद र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरि नागरिकको जिउधनको सुरक्षा गर्दै नगर क्षेत्रमा सुव्यवस्था कायम गरि नगरवासीलाई स्थानीय सरकारको प्रत्यक्ष अनुभूति प्रदान गर्नको लागि नगर प्रहरी समुह संचालन तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले "नेपालको संबिधान २०७२ को अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरि स्थानीय संचालन ऐन २०७४ को दफा ११ उपदफा २(क१)" कार्यान्वयन गर्न साँफेबगर नगर कार्यपालिकाले यो नियमावली स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद -१
## ( प्रारम्भिक )

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो नियमावलीको नाम "साँफेबगर नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन नियमावली -२०७७" रहेको छ ।

२. यो नियमावली कार्यपालिकाले स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "नगर प्रहरी " भन्नाले साँफेबगर नगरपालिकाले यस नियमावली बमोजिम नियुक्त गरेको नगर प्रहरीलाई सम्झनु पर्दछ ।

ख) "नगर प्रहरी प्रमुख " भन्नाले नगरी प्रहरी समुहको प्रमुखलाई सम्झनु पर्दछ ।

ग) "नगर प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

ङ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले साँफेबगर नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

छ) "कार्यक्षेत्र" भन्नाले यस नगरपालिकाले ओगटेको भूभाग वा नगरपालिकाको भित्रि ठाउँ बिशेष तथा वडाले ओगटेको भूभाग समेतलाई सम्झनु पर्दछ ।

ज) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस नियमावलीले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

झ) "पद पूर्ति समिति" भन्नाले यस नियमको दफा ९ बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ञ) "कर्मचारी" भन्नाले साँफेबगर नगरपालिका क्षेत्र भित्रका स्थायी, अस्थायी तथा करार सेवाका सम्पूर्ण कर्मचारीलाई जनाउँदछ ।

ट) "पद" भन्नाले यस नियमावलीको दफा ३ बमोजिम तोकिएको नगर प्रहरीको पदलाई सम्झनु पर्दछ ।

ठ) करार सम्झौता भन्नाले अनुसूची १ बमोजिमको ढाँचामा नियुक्ति पश्चात दिईने दुई पक्ष विचको सेवा र सर्त सहितको कार्य सम्पादन करार सम्झौतालाई सम्झनु पर्दछ ।

ड) "न्युनतम योग्यता " भन्नाले दफा ७ बमोजिमको नगर प्रहरीको लागि चाहिने योग्यतालाई सम्झनु पर्दछ ।

ढ) "आचरण" भन्नाले यस नियमावलीको अनुसूची ४ बमोजिमको नगर प्रहरीमा हुनुपर्ने आचरण सम्झनु पर्दछ । उक्त आचरणको स्वघोषणा सहित दरखास्त फाराम भर्नु पर्नेछ ।

ण) "छनौट परिक्षा " भन्नाले पदपूर्ति समितिले निर्धारण गरेको लिखित, मौखित लगायत अन्य मापदण्ड समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद –२
## ( नगर प्रहरीको पद संख्या, कार्यालय तथा कार्य क्षेत्र सम्बन्धी व्यवस्था )

**३. नगर प्रहरीको पद :**

साँफेबगर नगरपालिका नगर कार्यपालिकाले आवश्यक ठानेको खण्डमा आवश्यकता अनुसार नगर प्रहरी समुहमा देहायको पद सृजना गरि पद पूर्ति गर्न सक्नेछ ।

क) नगर प्रहरी प्रमुख –प्रहरी सहायक निरीक्षक स्तर चौथो

ख) नगर प्रहरी जवान – सहायक स्तर श्रेणी विहिन

**४. नगर प्रहरीको संख्या :**

१. नगर प्रहरी प्रमुख एक ( १ ) जना सहित महिला र पुरुष गरि जम्मा ७ जनाको नगर प्रहरी समुह गठन गर्न सकिने छ ।

२. उप–दफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य प्रकृति, कार्य बोझ तथा कार्यक्षेत्रको आंकलन गरि कार्यपालिकाको निर्णयबाट नगर प्रहरी समुहमा पद संख्या निर्धारण गर्न बाधा पुगेको मानिने छैन ।

५. **कार्यालय सम्बन्धी व्यवस्था:** नगर प्रहरी कार्यालय भनेको नगर कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाले तोके बमोजिमको अन्य कार्यालय हुनेछ ।

६. **कार्यक्षेत्र :** नगर प्रहरीको कार्यक्षेत्र सम्पूर्ण नगर क्षेत्र वा कार्यपालिकाले तोकेको क्षेत्र वा कार्य विवरणमा उल्लेखित क्षेत्र हुनेछ ।

परिच्छेद –३

(योग्यता तथा पदपूर्ति सम्बन्धी व्यवस्था )

७. **योग्यता :** नगर प्रहरी समुहमा देहाय बमोजिमको न्युनतम योग्यता भएको नेपाली नागरिकलाई योग्य मानिनेछ ।

**१. नगर प्रहरी प्रमुखको न्युनतम योग्यता :**

क) २५ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ख) कम्तिमा नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी वा एस.ई.ई उत्तीर्ण गरेको ।

ग) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५५ के.जी, महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र शरीरको तौल घटीमा ४५ के.जी हुनुपर्ने ।

घ) कुनै प्रकारको गैह्र–कानुनी कार्यमा संलग्नता नरहेको ।

ङ) न्यायिक निकायहरुबाट प्रमाणित भई कुनै किसिमको कसुर वा सजायको भागेदार नभएको ।
च) शारीरिकरुप कामगर्न सक्ने प्रमाणित भएको ।
छ) नेपाली नागरिकता भएको ।

**२. नगर प्रहरी जवानको न्युनतम योग्यता :**

क) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ( महिलाको हकमा ४० बर्ष ननाघेको )।
ख) कम्तिमा कक्षा ८ उत्तीर्ण गरेको ।
ग) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फित २ ईन्च र वजन घटीमा ५० के.जी, महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र शरीरको तौल घटीमा ४५ के.जी हुनुपर्ने ।
घ) कुनै प्रकारको गैह्र–कानुनी कार्यमा संलग्नता नरहेको ।
ङ) न्यायिक निकायहरुबाट प्रमाणित भई कुनै किसिमको कसुर वा सजायको भागेदार नभएको ।
च) शारीरिकरुप कामगर्न सक्ने प्रमाणित भएको ।
छ) नेपाली नागरिकता भएको ।

ज)

**८. नगर प्रहरी समुहको पदपूर्ति सम्बन्धी व्यवस्था :**

क) नगर प्रहरी प्रमुख र प्रहरी जवान पदको पदपूर्ति गर्दा दफा ७ को उपदफा १ र २ बमोजिमको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुला प्रतिष्पर्धात्मक प्रतियोगिताद्वारा हुनेछ ।

ख) दफा ४ बमोजिम तोकिए बमोजिमको संख्या भित्रै रहने गरि नगर प्रहरी पदपूर्ति सम्बन्धी अन्य कार्यविधी दफा ९ बमोजिमको पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।

**९. पदपूर्ति समितिको गठन :**

क) नगरपालिकामा नगर प्रहरी समूहमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिता द्वारा प्रहरी प्रमुख तथा प्रहरी जवान नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्न सकिनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी – संयोजक
२. ईलाका प्रहरी कार्यालय साँफेबगर प्रमुख (नगर प्रहरी प्रमुखको हकमा ) – सदस्य
३. नगर प्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य – सदस्य
४. नगर प्रहरी प्रमुख (प्रहरी जवानको हकमा ) – सदस्य

**१०. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

क) पद पूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नगर प्रहरी प्रमुख र प्रहरी जवानको छनौट परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने
२. पदपूर्ति कार्यतालिका बनाउने,
३. विषय विज्ञ तोक्न सक्ने
४. परीक्षाको किसिम तोक्ने,
५. माग भई आए बमोजिम पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने गराउने,
६. परिक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र
७. नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने

ख) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा अन्य व्यवस्था गर्नुपर्ने आईपरेमा कार्यपालिकाको निर्णयानुसार बाधा अड्काउ फुकाउन सकिनेछ ।

**११. विज्ञापन प्रकाशन :**

क) पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन गर्दा स्थानीय पत्र पत्रिका तथा एफ.एम लगायत अन्य संचार माध्यमबाट देहाय बमोजिमको विवरण खुलाई १५ दिनको दरखास्त दिन सक्ने अवधी तोकी विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

१) पदको नाम
२) आवश्यक संख्या (महिला पुरुष छुट्टाछुट्टै सहित )
३) दरखास्त दिने म्याद र स्थान
४) दरखास्त दस्तुर
५) आवश्यक न्युनतम शैक्षिक योग्यता
६) पेश गर्नुपर्ने आवश्यक प्रमाणहरु
७) सम्पर्क मिति र स्थान
८) परीक्षाको किसिम
९) अन्य सर्तहरु

ख) पदपूर्ति समितिले दफा १० को उपदफा (क) बमोजिम विज्ञापन गर्दा माग बमोजिमको संख्या एवम् शर्त अनुसारको दरखास्त नपरेमा समितिको बैठकको निर्णयानुसार शर्तहरु थपघट गरि पुन: विज्ञापन प्रकाशन गर्न गराउन सक्नेछ ।

**१२. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा :**

१. उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा क्रमशःअनुसूची २ र ३ अनुसार हुनेछ ।

२. उम्मेदवारको प्रवेश पत्र हराएमा निजसँग तोकिएको शुल्क लिई प्रवेश पत्रको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

**१३. परिक्षा संचालन :**

१. पदपूर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरि परिक्षा संचालन गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम परिक्षा संचालन गर्दा हरेक परीक्षाको नतिजा प्रकाशन भए पश्चात क्रमिक रुपमा संचालन हुनेछ ।

**१४. नतिजा प्रकाशन :**

१. उम्मेदवारले प्रथम परिक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परिक्षामा सामेल हुन पाउनेछन ।

२. उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परिक्षा अघिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले नबढ्ने गरि उत्तीर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिने छ ।

३. पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उत्तीर्ण बाहेक एक तिहाई संख्याले हुन् आउने उम्मेद्वारहरु वैकल्पिक रहने गरि नतिजा प्रकाशन गर्नेछ ।

४. पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

**१५. नियुक्ति गर्ने अधिकारी :**

१. पदपूर्ति समितिको सिफारिस सहितको निवेदन पेश भएमा साँफेबगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई सिफारिस भएको सात दिन भित्र नियुक्ति दिनुपर्नेछ ।

२. तोकिएको समयावधिमा पनि सफल उम्मेदवारले नियुक्तिको लागि निवेदन पेश नगरेमा वैकल्पिक योग्यता क्रम अनुसार नियुक्ति गर्ने अधिकारीले नियुक्ति दिन सक्नेछ ।

**१६. परिक्षण काल :**

१. नगर प्रहरी प्रमुख लगायत नगर प्रहरीललाई नियुक्ति गरिएको मिति देखि लागु हुने गरि एक महिना परिक्षण काल रहने छ ।

२. उपदफा १ बमोजिमको परिक्षण कालमा कार्य सन्तोषजनक देखिएमा नियुक्ति सदर गरि एक बर्ष नघट्ने गरि थप कार्यकालको लागि नियुक्ति दिईनेछ ।

**१७. नियुक्ति बदर हुनसक्ने अवस्था :**

१. देहायको अवस्थामा नियुक्ति दिने अधिकारीले नगर प्रहरी (प्रमुख) समेतको नियुक्ति बदर गर्न सक्नेछ ।

क) परिक्षण कालमा कार्य सम्पादन सन्तोष जनक नदेखिएमा वा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा अनुसूची ४ बमोजिमको आचरण नदेखिएमा वा अनुसूची १ बमोजिमको करार सम्झौता अनुसार कार्य सम्पादन नगरेको अवस्थामा ।

ख) उपदफा १ को क मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरीले गर्न नहुने भनी कसुरदार सावित हुने सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः बदर हुनेछ ।

## परिच्छेद ४
## ( नगर प्रहरीको काम कर्तव्य र अधिकार )

**१८.	नगर प्रहरीको काम कर्तव्य र अधिकार :**

१. नगर प्रहरीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नगरपालिका क्षेत्र भित्रका सार्बजनिक सम्पति जस्तै बाटो,ढल,पाटी–पौवा,मठ मन्दिर, पेटी, चौर आदि हानि नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी साँफेबगर नगरपालिका प्रशासनलाई गराउने ।

ख) सडे गलेका र वासी खानेकुराहरु बिक्रि गरेको फेला परेमा प्रारम्भिक कारवाही चलाउने ।

ग) ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेट्टीएमा आवश्यक कारबाहीको लागि साँफेबगर नगरपालिकालाई जानकारी गराउने ।

घ) बहाल कर र फुटपाथ, हाट बजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

ङ) सार्वजनिक आवागमनमा वाधा पुर्याउने गरि थुपारेका निर्माण सामान्ग्रीहरु हटाउन लगाउने ।

च) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरि सम्बन्धित वडा कार्यालय मार्फत कारबाही चलाउने व्यवस्था गर्ने ।

छ) नगरपालिकाको ऐन,नियम र आदेशको बर्खिलाप गर्ने मानिस तथा समुदायलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

ज) नगरपालिकाको सम्पत्तिको रेखदेख गर्ने गराउने ।

झ) कार्यालयको अत्यन्त जरुरि पत्र बुझाउने  काममा सहयोग गर्ने ।

ञ) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

ट) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

ठ) मेला, जात्रा, पर्व संचालन हुने स्थानमा सम्बन्धित क्षेत्रको टोल विकास संस्था र वडा कार्यालय संग सहकार्य गरि शान्ति सुरक्षा कायम गर्न सहयोग गर्ने ।

## परिच्छेद ५
## विदा तथा पारिश्रमिक सम्बन्धी व्यवस्था

**१९.	विदा सम्बन्धी व्यवस्था :**

१. नगर प्रहरीले नेपाल सरकार र प्रदेश सरकारले तोकेको सार्वजनिक विदा वाहेक देहाय बमोजिमको थप विदा पाउन सक्नेछन ।

क) घर विदा बार्षिक १२ दिन

ख) बिरामी विदा बार्षिक ६ दिन

ग) भैपरी आउने विदा बार्षिक ६ दिन

घ) पुरुष कर्मचारीको हकमा कार्यकाल भरि २ पटक सम्म प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार बिदा

ङ) महिला कर्मचारीको हकमा कार्यकाल भरि जम्मा २ पटक सम्म प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा

च) क्रिया बिदा १५ दिन

२. उपदफा १ बमोजिमको बिदा बाहेक अन्य किसिमको कुनै विदा दिईने छैन ।

३. उपदफा १ मा उल्लेख भए अनुसारको विदाहरु अर्को बर्षको लागि संचित गर्न पाईने छैन ।

२०. **पारिश्रमिक सम्बन्धी व्यवस्था :** नगर प्रहरीको पारिश्रमिक तथा अन्य सेवा सुविधा नगर कार्यपालिकाको निर्णयानुसार स्रोत सुनिश्चित गरि निर्धारण गरिनेछ ।

## परिच्छेद ६
## विविध

**२१. पोशाक:**

१. नगर प्रहरीको पोशाक रंग तथा प्रकार नेपालको संविधानको प्रतिकुल नहुने गरि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२. पोशाक खर्च वापतको लागत रकम नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२२. जिन्सी सामांग्री :**

१. दफा २१ को उपदफा(१) बाहेकको आवश्यक पर्ने जिन्सी सामांग्री नगर प्रहरी (प्रमुख समेतलाई ) उपलब्ध गराईने छ ।

२. नगर प्रहरीले आफुले पाएको जिन्सी सामांग्रीको अधिकतम हिफाजत गर्ने स्वयम् कर्मचारीको जिम्मेवारी हुनेछ ।

२३. **संशोधन सम्बन्धमा :** यो नियमावलीमा गरिएको व्यवस्थाहरु परिमार्जन गर्न मुनासिब देखिएमा साँफेबगर नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार संशोधन गरि परिमार्जन गर्न सकिनेछ ।

२४. **बचाउ र खारेजी :** संघिय तथा प्रदेश कानुनमा गरिएको व्यवस्था संग बाझिएको हकमा उक्त दफा तथा उपदफा स्वत: रद्द भएको मानिनेछ ।

अनुसूची -१

( करार सम्झौताको नमुना फाराम )

( नियम २ को उपनियम ठ संग सम्बन्धित )

नगर प्रहरीको करार सेवा सम्झौता-पत्र

**साँफेबगर नगरपालिकाको कार्यालय र अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं ............बस्ने श्री .................................बीच भएको करार लिने दिने सम्बन्धी करार पत्र ।**

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ( यस पछी प्रथम पक्ष भनिने ) र जिल्ला अछाम साँफेबगर नगरपालिका वडा नं .........बस्ने श्री ......................को छोरा/छोरी बर्ष ...............को श्री ................................( यस पछी दोस्रो पक्ष भनिने ) का बीच साँफेबगर नगरपालिका क्षेत्र भित्रको शान्ति सुरक्षा तथा रेखदेख कार्यको लागि नगरपालिकाको ......................पदमा सेवा करार लिने दिने कार्यको लागि देहायको शर्तको अधिनमा रही दोस्रो पक्षले प्रथम पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई करार सम्झौता गरि एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करार नामाको अवधी मिति ......(साल)/.......(महिना)./.......(गते )बाट मिति ......(साल)/.......(महिना)./.......(गते ) सम्म जम्मा ..............महिनाको हुनेछ ।
२. सेवा गरे बापत महिनाको भुक्तानी भए पछी मासिक पारिश्रमिक बापत रु...................(अक्षरुपी ....................) प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।
३. कुनै कारणबस दोस्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागि राजिनामा दिन चाहेमा वा करार सम्झौता भंग गर्न चाहेमा एक महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।
४. दोस्रो पक्षले सेवा त्याग गर्दा आफु संग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाँकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई नियमानुसार कारबाही गर्नेछ ।
५. दोस्रो पक्षले यस करार पत्रका साथ संलग्न कार्यविवरण अनुरुपको काम, कर्तव्य र अधिकार सम्बन्धी जिम्मेवारीमा कुनै प्रकारको ढिला सुस्ती, लापरवाही,गरेमा वा कुनै तोकिएको काम समयमा जिम्मेवारी पूर्वक पुरा नगरेमा वा दोस्रो पक्षको काम प्रथम पक्षलाई सन्तोषजनक नलागेमा प्रथम पक्षले कुनै पनि समय करार सम्झौता भंग गर्न वा काम नभएको अवधिको सुविधा कट्टा गर्न सक्नेछ ।
६. दोस्रो पक्षले गैह्र जिम्मेवारी ढंगले काम गरि प्रथम पक्षलाई हानि नोक्सानी पुर्याएमा हानि नोक्सानीको रकम हर्जाना स्वरूप दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउने छ ।
७. दोस्रो पक्षले करार सम्झौता पत्र तथा संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु साँफेबगर नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन नियमावली २०७७ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।
८. दोस्रो पक्षको कार्य प्रथम पक्षलाई सन्तोषजनक लागेमा प्रथम पक्षले दोस्रो पक्ष संगको करार नियुक्ति सदर गरि अवधी थप गर्न सक्ने छ ।
९. प्रथम पक्षले दोस्रो पक्षलाई पोशाक उपलब्ध गराउने छ ।
१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको विवरण देहाय अनुसार रहेको छ ।

प्रथम पक्षको तफबाट
हस्ताक्षरः.......................
नाम थर :........................
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालयको छाप :

दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर :........................
नाम थर :..........................
ठेगानाः ............................

ईति सम्बत साल ..........महिना ...........गते ..........रोज ...........शुभम् ।

अनुसूची २

(नियम १२ को उपनियम १ संग सम्बन्धित )
साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
( दरखास्त फारामको नमुना ढाँचा )

| रु.१० को हुलाक टिकट |
|---|

| पासपोर्ट साईजको फोटो |
|---|

नियुक्ति हुन चाहेको पद :........................................
विज्ञापन नं :..........................
आवेदन पेश गर्ने कार्यालय :..............................
व्यक्तिगत विवरण :
नाम थर :.................................
जन्म मिति :...........................
स्थायी ठेगाना :...............................
बाबुको नाम :...................................
आमाको नाम :..........................................
पेशा :...................................
विवाहित वा अविवाहित :..................................
शैक्षिक योग्यता :.........................................
नागरिकता नं :...............................नागरिकता जारि भएको जिल्ला र मिति : ..................
संलग्न गरेको प्रमाण पत्रहरुको प्रतिलिपि :
१. .....................
२. .....................
३. ....................
४. ........................

| औठा छाप | |
|---|---|
| दाँया | बाँया |

माथि उल्लेख गरेका र संलग्न गरेका जानकारी एबं कागजातहरु सहि साँचो हुन । फरक परे कानुन बमोजिम सहुँला बुझाउँला ।

अनुसूची –३

(नियम १२ को उपनियम १ संग सम्बन्धित )

परिक्षा प्रवेश पत्रको ढांचा

नियुक्ति हुन् चाहेको पद :...................
विज्ञापन नं :..............................
विज्ञापन मिति :........................
दर्ता नं :...................
नाम थर :..........................
पदको श्रेणी /तह :.....................
यस कार्यालयबाट लीईने उक्त पदको परिक्षामा तपईलाई संलग्न हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुंसुकै बखत पनि यो अनुमति रद्ब हुन सक्छ ।
मिति :.............................
..............................

अधिकृतको दस्तखत

..........................................................................
..........................................................................
.........

परिक्षा प्रवेश पत्रको ढांचा

नियुक्ति हुन् चाहेको पद :...................
विज्ञापन नं :..............................
विज्ञापन मिति :........................
दर्ता नं :...................
नाम थर :..........................
पदको श्रेणी /तह :.....................
यस कार्यालयबाट लिईने उक्त पदको परिक्षामा तपईलाई संलग्न हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुंसुकै बखत पनि यो अनुमति रद्ब हुन सक्छ ।

मिति :.............................
..............................

अधिकृतको दस्तखत

## अनुसूची ४

( नियम २ को उपनियम ढ बमोजिम )

साँफेबगर नगरपालिकाको नगर प्रहरीमा हुनुपर्ने आचरणहरु :

१. कुनै किसिमको कुलतमा नपरेको
२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर रहने
३. कुनै प्रकारको आपराधिक गिरोहमा आवद्ध नभएको र नरहेको
४. कुनै प्रकारको फौजदारी अभियोग नलागेको
५. काममा खटिएको समयमा कुनै प्रकारको मादक पदार्थ सेवन गर्न नहुने र
६. काममा खटिएको समयमा कोहि व्यक्ति संग झगडा एवम् रिस राग गर्न नहुने

यो आचरणको लिखित स्वः घोषणा दरखास्त फाराम भर्दा संलग्न गर्नु पर्नेछ ।